संघीय संसद
प्रतिनिधि सभा
एघारौं अधिवेशन
बैठक संख्या - ६४

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७९ साल भदौ २२ गते बुधबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको १:२५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठकको प्रारम्भमै हात उठाएर समय माग गर्नुहुँदै निम्नलिखित मा० सदस्यहरुले निर्वाचनको मिति तय भैसकेको अवस्थामा कामचलाउ सरकारले दीर्घकालीन महत्वका कामहरु र विधेयकहरु पारित गर्न लागेको, निर्वाचनलाई प्रभावित गर्ने गरी आस्थाका आधारमा कर्मचारीहरुको सरुवा गरेको, १० दिनदेखि थुनामा रहेका हाँस्य कलाकार अपूर्व क्षितिज सिंहले क्षमा याचना गरिसकेकोले शिघ्र रिहाई हुनुपर्ने, मधेशमा किसान परिवारले खेतबारी बेचबिखन तथा धितो राखेर छोराछोरीलाई उच्च शिक्षा दिन समेत नपाएको, वैदेशिक रोजगारमा जाने महिलाहरुलाई विभिन्न वहानामा रोक्नु ठीक नभएको, नेपाल अतिरिक्त हुलाक सेवामा कार्यरत कर्मचारीहरुलाई सरकारले आफैले तोकेको भन्दा कम तलबमा काम गराइरहेको, भुमिहिन सुकुम्वासीलाई अविलम्ब जग्गा वितरण गरी लालपुर्जा समेत वितरण गरिनुपर्ने लगायतका विषयहरुमा आफ्नो भनाई राख्नुभयो ।

१. मा० श्री विशाल भट्टराई
२. मा० श्री समीना हुसेन
३. मा० श्री लक्ष्मणलाल कर्ण
४. मा० श्री विमला विश्वकर्मा

तदुपरान्त प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयमा आ-आफ्नो धारणा राख्नुभयो :-

१. मा० श्री तेजुलाल चौधरी
२. मा० श्री दिव्यमणि राजभण्डारी
३. मा० श्री देवप्रसाद तिमलसेना
४. मा० श्री नरमाया ढकाल
५. मा० श्री नवराज सिलवाल
६. मा० श्री निरादेवी जैरु
७. मा० श्री पद्मनारायण चौधरी
८. मा० श्री पार्वता डि.सी. (चौधरी)
९. मा० श्री पार्वती कुमारी विशुन्के
१०. मा० श्री पुष्पा कुमारी कर्ण कायस्त
११. मा० श्री प्रकाशमान सिंह
१२. मा० श्री प्रकाश रसाईली (स्नेही)
१३. मा० श्री प्रमिला राई
१४. मा० श्री प्रेम सुवाल

तत्पश्चात प्रतिनिधि सभाका सचिव श्री गोपालनाथ योगीले प्रतिनिधि सभामा उत्पत्ति भएको "कारागार विधेयक, २०७६" राष्ट्रिय सभाबाट संशोधन सहित प्राप्त सन्देश टेबुल गर्नुभयो ।

त्यसपछि प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ७२ बमोजिम ध्यानाकर्षण प्रस्तावका प्रस्तावक मा० डा० भीम बहादुर रावलले "माथिल्लो कर्णाली जलविद्युत् आयोजना विकास सम्झौताको कार्यान्वयन गर्न गराउन तथा जलविद्युतको धनी राष्ट्र नेपालमा रहेको जलस्रोत क्षमताको राष्ट्रिय हितमा प्रयोग हुने गरी संरक्षण र संवर्द्धन गर्न आवश्यक भएकोले" भन्ने सम्बन्धी सार्वजनिक महत्वको विषयमाथि मा० ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रीको ध्यानाकर्षण गराउनु भयो ।

तदुपरान्त मा० ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्री श्री पम्फा भुसालले उक्त ध्यानाकर्षणको सम्बन्धमा जवाफ दिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले मा० डा० भीम बहादुर रावलले प्रस्तुत गर्नुभएको ध्यानाकर्षण प्रस्तावका स्पष्टीकरणकर्ता मा० श्री यज्ञबहादुर बोगटी र मा० श्री राजबहादुर बुढाक्षेत्री उपस्थित नहुनुभएकोले थप केही गरिरहनु नपर्ने व्यहोरा जानकारी गराउनु भयो ।

त्यसपछि मा० श्री प्रेम सुवालले उक्त ध्यानाकर्षण प्रस्तावमाथि बोल्न समय उपलब्ध गराउनुपर्ने माग गर्नुभएपछि सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ७२ को उपनियम (३) बमोजिम ध्यानाकर्षण प्रस्तावमाथि छलफलको व्यवस्था नरहेको जानकारी गराउनु भयो ।

तदुपरान्त मा० सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री ज्ञानेन्द्र बहादुर कार्कीले राष्ट्रिय सभाको सन्देश सहितको "नेपाल मिडिया काउन्सिल विधेयक, २०७६ लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाईयोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा मा० श्री प्रेम सुवालले सदनमा गणपुरक संख्या नपुग भएको भनी प्रश्न उठाउनु भएपछि सम्माननीय सभामुखले नेपालको संविधानको धारा ९४ बमोजिम कुनैपनि प्रश्न वा प्रस्ताव निर्णयार्थ पेश गर्न प्रतिनिधि सभाको एक चौथाई सदस्य उपस्थित हुनु पर्ने भएकोले गणपूरक संख्या यकिन गर्न सचिवालयलाई निर्देश गर्नुभएपछि ३ मिनेटको जनाउ घण्टी बजाई उपस्थित मा० सदस्यहरुको संख्या गणना गर्दा गणपुरक संख्या ६९ हुनुपर्नेमा मा० सदस्यहरुको संख्या ७७ रहेकोले सम्माननीय सभामुखले उल्लिखित प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०७९ साल भदौ २५ गते शनिबार दिनको १:०० बजे बस्नेगरी आजको बैठक दिनको २:४० बजे स्थगित भयो ।

गोपालनाथ योगी
प्रतिनिधि सभाको सचिव